# धर्मदेवी नगरपालिका

## धर्मदेवी नगरपालिका एम्बुलेन्स सेवा सञ्चालन कार्यविधी,२०८१

प्रस्तावना ।

धर्मदेवी नगरपालिका,धर्मदेवी नगरपालिका भित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी ,सरल ,भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी धर्मदेवी नगरपालिकाले देहायको कार्यविधी जारी गरेको छ ।

### १.संक्षिप्त नाम र प्रारम्भः-

क) यो निर्देशिकाको नाम **"एम्बुलेन्स सेवाको सञ्चालन कार्यविधी, २०८१"** रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाले स्विकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

### २.परिभाषाः-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क)"एम्बुलेन्स" भन्नाले बिरामी ओर्सार्ने स्वीकृति प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जोडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

ख)"एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ।

घ)" नगरपालिका" भन्नाले धर्मदेवी नगरपालिकालाई सम्झनुपर्छ।

ङ)"सेवासुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

च) " समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

छ) " सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्छ।

## ३.उदेश्यः-

यस कार्यविधिको प्रमुख उदेश्य यस नगरपालिका क्षेत्रभित्र र नजिकका स्थानिय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागी नजिकको अस्पताल वा स्वास्थ्य संस्था सम्म पुर्याउने तथा यसको विश्वसनियता साथै प्रभावकारिता वृद्धि गरि दिगो र भरपर्दो सेवा सञ्चालन गर्नु हो।

## ४.एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः-

१)एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन तथा अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एक नगर एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

क) नगर प्रमुख – संयोजक
ख) नगर उप-प्रमुख –सदस्य
प्रमुख प्रशासकिय अधिकृत –सदस्य
ग) नगरकार्यपालिकाले मनोनयन गरेको कार्यपालिकाको सदस्य मध्येबाट १ महिला प्रतिनिधी सहित - २ जना
घ) जिल्ला रेडक्रस सोसाईटीबाट तोकिएको उपशाखाको प्रतिनिधि –सदस्य
ङ) जिन्सी शाखा प्रमुख – सदस्य
च) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

२) समितिको कुल सदस्य सङख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङख्या पुगेको मानिनेछ।

३) समितिको बैठक आवस्यकता अनुसार बस्नेछ।समितिको बैठक भत्ता नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

## ५.समितिको काम,कर्तव्य र अधिकारः-

१)समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
क) एम्बुलेन्स सेवा पारदर्शी,सरल,भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे,नगरेको अनुगमन गर्ने।
ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।
ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

घ) एम्बुलेन्स निश्चत मापदण्डको आधारमा भाडा निर्धारण गर्ने औचित्यता तथा आवश्यक्ताको आधारमा कार्यपालिकाको निर्णयबाट पुनरावलोकन गर्न सकिने।

ङ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने।

च) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

छ) चालकले अनुसुची-२ बमोजिम सेवा शुल्क लिई बैंक कोषमा दाखिला गरे नगरेको समय समयमा निरिक्षण गर्ने।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अधावधिक विवरण मासिक स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको बैठकमा पेश गर्ने।

## ६.सेवा शुल्क सम्बन्धी व्यवस्था:

१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ।

२) एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाले एक अलग बैंक खाता कोष खडा गरी त्यसमा जम्मा गर्नेछ।

३) सेवा शुल्क बापत लिईने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता नगरपालिकामा राखिने छ।

४) सेवा दिएबापत लिईने सेवाशुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ।

५) कोषको रकम नगर कार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाईने छ।

कोषको रकम सामान्यतया चालकको तलब भत्ता, ईन्धन, एम्बुलेन्स मर्मत सम्भार र एम्बुलेन्स रहने अति आवश्यक सामाग्रीको खरिदमा खर्च गरिनेछ।

६) धर्मदेवी नगरपालिकाको बिभिन्न बर्थिङ्ग सेन्टरबाट प्रेषण भएका नगरपालिकाका गर्भवति महिलालाई जिल्ला अस्पतालसम्म सुरक्षित सुत्केरी गराउनको लागी ५० प्रतिसत छुटमा (एकतर्फी) सेवा दिईने छ।

## ७.चालकको नियुक्ति र सेवा सुबिधा

१.एम्बुलेन्स सेवा सञ्चालनका लागी नगरपालिका/स्वास्थ्य संस्थाले एक जना योग्यता पुगेका चालक सेवा करार नियुक्ती गर्नेछ।

२.चालकले सेवा सुबिधा दफा (४) बमोजिमको समिति/ स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३.चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसूचि (२) बमोजिम हुनेछ।

## ८.एम्बुलेन्स सहने स्थान र सो को मर्मत सम्भारः-

१.एम्बुलेन्स धर्मदेवी नगरपालिका/स्वास्थ्य चौकी/ आधारभुत स्वास्थ्य सेवा केन्द्रको हाता भित्र रहने छ।

२.एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्बेवारी चालकको हुनेछ सो को जानकारी समिति/आधारभुत स्वास्थ्य सेवा केन्द्र मुढेशनिष्चरेलाई एक हप्ता अगाडि नै लिखित रुपमा गराउनु पर्नेछ।

३.सवारि साधन दर्ता तथा नबिकरण प्राबधानमा उल्लेख भएको ब्यवस्था अनुसार नै बिमाको ब्यवस्था हुनेछ।

## ९.बिबिधः-

१. एम्बुलेन्सको भाडादर अनुसूचि-१ बमोजिम हुनेछ।

२.एम्बुलेन्समा रहने न्यनतम सेवा सुबिधा तथा औषधिको विवरण अनुसूचि(३) बमोजिम हुनेछ।

२.सेवा सुबिधा लिदाँ विरामीले भर्नुपर्ने फारम अनुसूचि (४) बमोजिम हुनेछ।

३.यस निर्देशिकामा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ।

# अनुसूचि-१

## मिति २०८१/०२/२३ गते कामय भएको भाडा दर

| सि.न. | देखि | स्थान | पहिला कायम भएको दर | हाल कायम भएको दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | मुढे | माम्लिङ्ग याक्खा चौक | ६०० | ९००/- | |
| २ | मुढे | किटिङ्गडाडा | ८०० | १२००/- | |
| ३ | मुढे | पिलुवाखोला | १००० | १५००/- | |
| ४ | मुढे | चैनपुर | २५०० | ३७५०/- | |
| ५ | मुढे | खराङ्ग | ३५०० | ५२५०/- | |
| ६ | मुढे | तुम्लिङ्गटार | ५००० | ७५००/- | |
| ७ | मुढे | खाँदबारि | ६००० | ९०००/- | |
| ८ | मुढे | टुटे-देउराली | ६०० | ९००/- | |
| ९ | मुढे | बसन्तपुर | ७०० | १०५०/- | |
| १० | मुढे | हिले | ३००० | ४५००/- | |
| ११ | मुढे | धनकुटा | ३५०० | ५२५०/- | |
| १२ | मुढे | धरान | ७५०० | ११२५०/- | |
| १३ | मुढे | ईटहरी | ८००० | १२०००/- | |
| १४ | मुढे | विराटनगर | ९००० | १३५००/- | |
| १५ | मुढे | फाक्सि स्कुल सम्म | ७०० | १०५०/- | |
| १६ | मुढे | बिहिवारे | ८०० | १२००/- | |
| १७ | मुढे | आछाम्बु चौक | ९०० | १५००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | मुढे | मुलगाउँ आ.स्वा.के | १५०० | २२५०/- | |
| १९ | मुढे | गाडेको ढुंगा | १२०० | २२००/- | |
| २० | मुढे | केवा बेसी जिरो प्वाईन्ट | २५०० | ३७५०/- | |
| २१ | मुढे | मझुवा पुरानो विद्यालय | ६०० | १०००/- | |
| २२ | मुढे | तामाफोक/ तुमाक चौक | ९०० | १३५०/- | |
| २३ | मुढे | तेल्लोक आ.स्वा.के | ९०० | १५००/- | |
| २४ | मुढे | महभिर कालिका आ.वि | १५०० | २२५०/- | |
| २५ | मुढे | मदामसिंह स्कुल | २००० | ३०००/- | |
| २६ | मुढे | सिरवानी ८ नं | | ३२००/- | |
| २७ | मुढे | काठमाण्डौ सिन्धुलिको बाटो | | ४००००/- | |
| २८ | मुढे | चितवन | | ४५०००/- | |
| २९ | मुढे | दमक | | १४०००/- | |
| ३० | मुढे | बिर्तामोड | | १७०००/- | |

# अनुसूचि-२

## (कार्यबिधिको दफा ७ को उपदफा (४)सँग सम्बन्धित)

## उपदफा (४)सँग सम्बन्धित एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१.एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७७लाई पूर्णतः पालना गर्नुपर्नेछ,

२.आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र बिश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने काम गर्न नहुने ।

३.मादक पदार्थ सेवन गरी  एम्बुलेन्स चलाउनु नहुने।

४. विरामीको ओसारपोसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीको परिवारलाई सधै सम्मानपुर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने।

५.आफसले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्बेवारि र जवाफदेही हुनुपर्ने ।

६.आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने ।

७.कुनै विरामीलाई ओसारपोसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने।

८. विरामीलाई बिच बाटोमा छाड्न नहुने ।

९.आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा यस्तो सूचना बारेमा सम्बन्धित आधिकारिक निकायमा जानकारी दिन सक्ने।

१०.अस्पताल पूर्व सेवा,एम्बुलेन्स सेवा व्यवस्थापन सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुर्याउनु पर्ने ।

११.आफुले उचित देखेको विरामीको गुणस्तरिय सेवामा प्रभाब पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिबेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने ।

१२.नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार प्रसार नगर्ने।प्रचलित कानुनको पालना गर्नुपर्ने ।

१३.एम्बुलेन्स सञ्चालन भएको अबधि,खपत भएको ईन्धन तथा सेवा शुल्क वापत लिईएको रकमको दैनिक अभिलेख राख्ने ।१५-१५ दिनमा सम्बन्धित निकायलाई रकम बुझाउने।

१४.विरामीले उपचार गर्न चाहेको अस्पतालमा पुर्याउने दायित्व चालकको हुनेछ।

१५.एम्बुलेन्स सञ्चालनको दैनिक जानकारी कार्यालय/स्वास्थ्य संस्थालाई जानकारी गराउनु पर्नेछ ।

म
.....................................(नाम).....................................ठेगाना............................ना.प्र.प.नं ..............................जिल्ला,सवारी चालक परिचयपत्र नं ..........................ले माथिको आचार संहिता अध्ययन गरेको छु।

संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रपमा पालना गर्न सहमति जनाई सहि छाप गरेको छु।

चालकको नामः-

दस्तखतः-

मितिः-

रोहवरमा प्रमाणित गर्ने ब्याक्तिको नामः-

दस्तखतः-

मितिः-

संस्थाको छापः-

# अनुसूचि २ को बुँदा नं १३ सँग सम्बन्धित

## एम्बुलेन्स सञ्चालन अभिलेख

धर्मदेवी नगरपालिका,सङ्खुवासभा

एम्बुलेन्स सञ्चालनमा रहेको स्वास्थ्य संस्थाहको नामः-.......................................................

| मिति | सञ्चालन भएको समय(देखी...... / .........सम्म) | सेवाग्राहीको नाम | | स्थान | कि.मी. | सेवा शुल्क रु | खपत भएको ईन्धन लिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ........बजे देखी | .......बजे सम्म | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

**पेश गर्नेको नाम**

नामः-

पदः-

**प्रमाणित गर्नेको**

नामः-

पदः-

(चालकले मासिक रुपमा एम्बुलेन्स सञ्चालनमा रहेको स्वास्थ्य संस्था अभिलेखको बारेमा जानकारी दिनु पर्नेछ।)

# अनुसूचि-३

## दफा ९ को उपदफा (१) सँग सम्बन्धित “ख” बर्गको

## (Common List Support) (CLS) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण

**२. ख वर्गको एम्बुलेन्समा हुनुपर्ने औषधि, उपकरण र जनशक्तिको विवरण**

- All emergency equipment
    - Stethoscope
    - B.P set
    - Torch Light
    - Tongue Depressure
    - IV Drips
    - Cannula and Syringes
    - ECG monitor and oxygen monitor
    - Intubation set
    - Various intubation tubes and laryngeal tubes
    - Ambu bag
    - Nebulizer set
    - Manual suction set
    - Cervical collars
    - CPR board
    - Oxygen supply
    - Automated external defibrillator (AED)
    - Delivery sets
    - Dressing Sets
    - Haemostatic Sets
    - Splints
    - Catheterizations sets
    - Emergency Medicines

**Others**

- Washing equipment
- Wheel chair and trolley
- Radio communication
- Mobile device with 4 G connectivity, Walkie Talkie and Camera
- GPS (Geographical Positioning System)

Staffs

- One Ambulance driver with First Aid Training
- One basic EMT (Health Assistant or Staff Nurse with 3 months of basic EMT course) / Doctor
- In future or according to the patient's condition another basic/ advanced EMT may be placed in the Ambulance

**३. [illegible] एम्बुलेन्सको [illegible] हुनुपर्ने औषधि र उपकरणको विवरण**

- First Aid medicines and equipment
    - Oxygen Cylinder, Flow Meter and Mask सहित [illegible]
    - IV injections
    - Stretcher
    - Stethoscope, BP set Torch light
    - Ambu and Mask

Staffs

- One Ambulance driver with First Aid Training

- One Community EMT (CMA or ANM with two weeks of Community EMT course)

[illegible]

- Air ambulance
    - Can be helicopter/fixed wings/jet planes
    - Use the national dispatch three toll free number to call
    - Will contain all the equipement as the 'Ka' ambulance
    - Will have a Advanced EMT/doctor and a nurse as necessary
    - The price will be fixed by the working committee after checking with the airline for their charter price and approved by the steering committee

- Motor cycle/with or without side carambulance
    - Run by EMT with basic training
    - Carry a Emergency medical bag
    - Reach the victim and start treatment till the ambulance arrives or where ambulance cannot reach due to narrow street
    - If with side car, can transfer patient if possible

- Drone
    - Should be able to:
        - Travel at least 20 km
        - Carry at least 2 kg of weight
    - Operator should be trained
    - Carry:
        - Blood
        - AED
        - Medication
        - Monitoring equipment
        - Lab investigation

For those 'ambulances' which cannot be run 24 hours and have only a driver and oxygen:


- Patient transport vehicle (PTV)
    - Any other vehicle with just oxygen and driver
    - To transport the patients between home and hospital for dialysis, dressing, etc.

To assist in Pre-hospital care, especially in disaster, national and provincial dispatch center will have a vehicle with Emergency equipment to be transported to the on-site area for assisting in case of disaster.

- Emergency Logistic Vehicle (EVL)
    - It will have:
        - 10 stretchers
        - 10 Emergency medical bags
        - 10 Dressing sets
        - Splints
        - Bandages

एम्बुलेन्सको स्वरूप

हायस मोडेल "ख" बर्गको एम्बुलेन्स



# अनुसूचि-४

## एम्बुलेन्स सेवा लिदा विरामीले भर्नुपर्ने फारम

क.विरामीको नामः-

| क्र.स. | विवरण | |
|---|---|---|
| १. | विरामीको नाम | |
| २. | ठेगाना | |
| ३. | उमेर | |
| ४. | लिंग | |
| ५. | देखी......... | |
| ६. | सम्म ................ | |
| ७. | लाग्ने शुल्क अंकमा | |
| ८. | लाग्ने शुल्क अक्षरमा | |
| ९. | रसिद नं | |

ख.संरक्षकको विवरणः-

| क्र.स. | विवरण | |
|---|---|---|
| १. | संरक्षकको नाम | |
| २. | ठेगाना | |
| ३. | उमेर | |
| ४. | लिंग | |
| ५. | विरामीसम्मको सम्बन्ध | |

आवेदकको दस्तखतः-

मितिः-................